# आकाशवाणी समाचार- नेपाली

मितिः ०५ अप्रेल २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

- प्रधानमंत्री नरेन्द्र मोदीले आज कोलम्बोमा श्रीलंकाका राष्ट्रपति अनुरा कुमारा दिसानायके सित व्यापक बातचीत गर्नुहुनेछ ।
- उपराष्ट्रपति जगदीप धनखडले - साधारण नागरिकहरूमा कृत्रिम बुद्धिमत्ताको प्रभाव एआई नियामक व्यवस्थाको केन्द्रबिन्दु हुनुपर्ने बताउनुभएको छ।
- **भारतीय अर्थव्यवस्था, रक्षा अनि व्यापारमा समुद्री उद्योगको प्रमुख भूमिका दर्शाउनको लागि आज राष्ट्रीय समुद्री दिवस मनान्दै छ।**
- रेल मंत्री अश्विनी वैष्णव आजदेखि तमिलनाडुको दुई दिनको भ्रमणमा रहनुहुनेछ।
- आई.पी.एल. क्रिकेटमा हिज राती लखनऊ सुपर जायंट्सले मुम्बई इडियन्सलाई 12 रनले पराजित गरे। आज चेन्नई सुपर किंग्सको डेल्ही कैपिटलसित अनि राजस्थान रॉयल्सको पंजाब किंग्ससित भिडन्त हुनेछ ।

## प्रधानमंत्री-श्रीलंका

प्रधानमंत्री नरेन्द्र मोदीले आज कोलम्बोमा श्रीलंकाका राष्ट्रपति अनुरा कुमारा दिसानायके सित व्यापक बातचीत गर्नुहुनेछ । आजको बातचीतमा दुवै देशहरु बीच विशेषरूपले ऊर्जा, व्यापार, सम्पर्क, डिजिटीकरण अनि रक्षा क्षेत्रहरुमा सम्बन्ध दह्रिलो हुनेछ। श्री मोदी श्रीलंकाको तीन दिनको यात्रामा हिज साझ कोलम्बो पुग्नुभयो। श्री मोदी कोलम्बो पुग्नुभए पछि उहाको भब्य स्वागत गरियो। हवाई अड्डामा राष्ट्रपति दिसानायके साथै मंत्रिमंडलका शीर्ष मंत्रीहरु उपस्थित थिए। गत वर्ष सितम्बर महिनामा राष्ट्रपति दिसानायकेले कार्यभार ग्रहण गर्नुभए पछि श्रीलंकाको यात्रा गर्ने श्री मोदी पहिलो विदेशी शासनाध्यक्ष हुनुहुन्छ। प्रधानमंत्री मोदी थाईलैंडको दुई दिनको यात्रा पछि श्रीलंका पुग्नुभएको हो। उहाले बैंकॉकमा बिम्सटेक शिखर सम्मेलनमा भाग लिनुभयो।

****** ० ******

## उपराष्ट्रपति जगदीप धनखड

उपराष्ट्रपति जगदीप धनखडले भन्नुभएको छ साधारण नागरिकहरूमा कृत्रिम बुद्धिमत्ताको प्रभाव एआई नियामक व्यवस्थाको केन्द्रबिन्दु हुनुपर्छ। हिजो साँझ नयाँ दिल्लीमा एक पुस्तक विमोचन समारोहलाई सम्बोधन गर्नुहुँदै श्री धनखडले नागरिकहरूलाई एआईबाट जोगाउन व्याख्या गर्ने अधिकार र स्वचालित निर्णयहरूको विरोध गर्ने अधिकार जस्ता लागूयोग्य अधिकारहरूको आवश्यकतामा जोड दिनुभयो। उहाँले भन्नुभयो प्रणालीले साधारण नागरिकहरूलाई स्वचालित, अन्तर्निहित राहत प्रदान गर्नुपर्छ। उपराष्ट्रपतिले भन्नुभयो कृत्रिम बुद्धिमत्ताले हामीलाई अवस्थित न्यायशास्त्रको पुन: परीक्षण गर्न बाध्य बनाउनेछ। श्री धनखडले बताए, भारतले आफ्नो साइबर सार्वभौमिकतालाई जोड दिनुपर्छ, तर यो विश्वव्यापी मापदण्डहरूसँग मिल्दोजुल्दो हुनुपर्छ। उहाँले भन्नुभयो कृत्रिम बुद्धिमत्तामा विश्वव्यापी, नियम-आधारित व्यवस्था सिर्जना गर्न सबै हितधारकहरू एक मंचमा आउनुपर्नेछ।

उपराष्ट्रपतिले भन्नुभयो भारतको डिजिटल व्यक्तिगत डेटा संरक्षण ऐन एक ऐतिहासिक कदम हो, तर यो अब कृत्रिम बुद्धिमत्ता नियमनसँग मिलेर विकसित हुनुपर्छ।

****** ० ******

## गुजरात-राष्ट्रिय समुद्री दिवस

भारतको अर्थतन्त्र, रक्षा र व्यापारमा समुद्री उद्योगले खेल्ने महत्त्वपूर्ण भूमिकालाई स्वीकार गर्न आज राष्ट्रिय समुद्री दिवस मनाइँदैछ। यस मान्यताको एक भागको रूपमा, भारतले प्रधानमन्त्री नरेन्द्र मोदीको विरासत भी, विकास भी' को दृष्टिकोण अनुरूप गुजरातको अहमदाबाद नजिकै लोथलमा आफ्नो पहिलो श्राष्ट्रिय समुद्री सम्पदा परिसर विकास गरिरहेछ।। परियोजनाको पहिलो चरण, जसमा चौध योजनाबद्ध संग्रहालय ग्यालरीहरू मध्ये छ वटा समावेश छन्, यस वर्षको अन्त्यसम्ममा पूर्ण रूपमा सञ्चालन हुने अपेक्षा गरिएको छ।

****** ० ******

## अश्विनी-तमिलनाडु यात्रा

रेल मंत्री अश्विनी वैष्णव आजदेखि तमिलनाडुको दुई दिनको भ्रमणमा रहनुहुनेछ ।यस अवधि , श्री वैष्णव नयाँ पंबन रेल पुलको उद्घाटनको तैयारिहरुको देखरेखको लागी रामेश्वरम जानुहुनेछ । प्रधानमंत्री नरेंद्र मोदी भारतको प्रथम **वर्टिकल लिफ्ट समुद्री पुल**, नयाँ पंबन रेल पुलको उद्घाटन गर्न भोली तमिलनाडु जानुहुनेछ। प्रधानमंत्रीले यस पुलबाट ट्रेन र पोतलाई झंडी देखाएर प्रस्थान गर्नुहुनेछ र पुलको संचालनको निरीक्षण गर्नुहुनेछ । यस कार्यक्रममा केंद्रीय सूचना एव प्रसारण राज्य मंत्री डॉक्टर एल. मुरुगन पनि उपस्थित रहनुहुनेछ।

****** ० ******

## गोयल स्टार्टअप महाकुंभ

वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले यस कुरा माथि जोर दिनुभएको छ कि भारत नवाचार अनि प्रौद्योगिकी-संचालित विकासमा विश्व स्तरमा मुख्य रूपले अघि बढिरहेको छ । हिज नयाँ दिल्लीको भारत मंडपममा दोस्रो **स्टार्टअप महाकुंभमा उहाले भन्नुभयो -** देशले नवाचारको दिशामा महत्वपूर्ण प्रगति गरिरहेको छ अनि चाडैनै वैश्विक मंचमा प्रभावशाली उपस्थिति दर्ता गर्नेछ । युवा भारत विश्वलाई प्रभावित पार्नको लागि उत्सुक अनि तैयार रहेको उहाले बताउनुभयो ।**स्टार्टअप महाकुंभमा** तीन हज़ार भन्दा अधिक स्टार्टअप, एक हज़ार भन्दा अधिक निवेशक अनि इनक्यूबेटर तथा 50 भन्दा अधिक देशहरुका लगभग दस हज़ार प्रतिनिधि सामेल भैरहेका छन् ।

BYTE

****** ० ******

## शाह-छत्तीसगढ

केन्द्रीय गृहमन्त्री अमित शाह आज छत्तीसगढको बस्तर डिभिजनको दन्तेवाडा जिल्लामा हुने बस्तर पाण्डुम महोत्सवको समापन समारोहमा सहभागी हुनुहुनेछ।श्री शाह छत्तीसगढको दुई दिने भ्रमणमा हिजो साँझ रायपुर पुग्नुभएको छ। श्री शाहले आज रायपुरमा नक्सल विरोधी अभियानहरूमा समीक्षा बैठकको अध्यक्षता पनि गर्नुहुनेछ।

****** ० ******

## ओम बिरला आईपीयू ताशकंद

लोकसभा अध्यक्ष ओम बिरला आजदेखि उज्बेकिस्तानको ताशकंदमा शुरू भैरहेको 150 ओ अंतर संसदीय संघको बैठकमा भारतीय संसदीय शिष्टमंडलको नेतृत्व गर्नुहुनेछ । श्री बिरला **सामाजिक विकास अनि न्यायको लागि संसदीय कार्यवाही** विषय माथि उच्च स्तरीय बैठकलाई सम्बोधित गर्नुहुनेछ । भारतीय शिष्टमंडलमा राज्यसभाका उपसभापति हरिवंश अनि सांसद भर्तृहरि महताब, अनुराग सिंह ठाकुर, डॉक्टर सस्मित पात्रा, अशोक कुमार मित्तल, किरण चौधरी अनि लता वानखेड़े सामेल छन् । भारतीय संसदीय दलका सदस्यहरु संचालन परिषद, कार्यकारी समिति, स्थायी समिति सहित अंतर संसदीय संघको बिभिन्न बैठकहरुमा सामेल हुनेछन् । यस अवधि श्री बिरलाले उज्बेकिस्तानमा भारतीय समुदायका मानिसहरु अनि भारतीय विद्यार्थिहरु सित पनि बाचतीत गर्नुहुनेछ ।

****** ० ******

**गोयल स्टार्टअप महाकुंभ**

वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले यस कुरा माथि जोर दिनुभएको छ कि भारत नवाचार अनि प्रौद्योगिकी-संचालित विकासमा विश्व स्तरमा मुख्य रूपले अघि बढिरहेको छ। हिज नयाँ दिल्लीको भारत मंडपममा दोस्रो **स्टार्टअप महाकुंभमा उहाले भन्नुभयो -** देशले नवाचारको दिशामा महत्वपूर्ण प्रगति गरिरहेको छ अनि चाडैनै वैश्विक मंचमा प्रभावशाली उपस्थिति दर्ता गर्नेछ। युवा भारत विश्वलाई प्रभावित पार्नको लागि उत्सुक अनि तैयार रहेको उहाले बताउनुभयो। **स्टार्टअप महाकुंभमा** तीन हज़ार भन्दा अधिक स्टार्टअप, एक हज़ार भन्दा अधिक निवेशक अनि इनक्यूबेटर तथा 50 भन्दा अधिक देशहरुका लगभग दस हज़ार प्रतिनिधि सामेल भैरहेका छन्।

BYTE

****** ० ******

**एन.आई.ए. पक्राउ केरल**

केरलमा राष्ट्रीय अन्वेषण अभिकरण-एन.आई.ए.ले अप्रैल 2022 मा पलक्कड़मा आर.एस.एस. नेता के.एस. श्रीनिवासनको हत्यामा शामेल प्रमुख अभियुक्त मल्लापुरम निवासी शमशाद इलिकललाई पक्राउ गरेको छ। प्रतिबंधित पॉपूलर फ्रंट ऑफ इंडियाले यस हत्याको षड्यन्त्र रचेको थियो। शमशाद इलिकलमाथि सात लाख रुपियाको राशी घोषित गरिएको थियो र पछिल्लो तीन वर्षदेखि उनि लापत्ता थिए। उनी कयौ काल्पनिक नामको रहिरहेका थिए। उनलाई एन.आई.ए. को ट्रैकिंग दलले कोच्चिबाट पक्राउ गरेको थियो। एन.आई.ए. ले यस मामिलामा अहिलेसम्म 63 मानिसहरुमाथि आरोप पत्र दर्ता गरेका छन्।

****** ० ******

**रिजर्व बैंक -नोट**

रिजर्व बैंकले चाडै नै 10 अनि 500 रुपियाँको नयाँ नोट जारी गर्ने भएको छ। यी नोटहरु महात्मा गांधीको नयाँ सिरीजको हुनेछ अनि गवर्नर संजय मल्होत्राको हस्ताक्षर हुनेछ। एक प्रेस विज्ञप्तिमा भनिएको छ कि यी नोटहरुको डिजाइन महात्मा गांधीको नयाँ सिरीजमा 10 अनि 500 रुपियाँको बैंक नोट सरह हुनेछ। रिजर्व बैंक द्वारा अघिबाटै जारी 10 अनि 500 रुपियाँको नोटहरुको प्रचलन जारी रहनेछ।

****** ० ******

**नेपाल-भूकंप**

नेपालमा हिज राती भूइचालोको दुई वटा झटका महसूस गरियो। रिक्टर स्केलमा यसको तीव्रता 5.5 रहेको बताईएको छ। भुइचालोको केंद्र जाजरकोटको ग्रामीण नगरपालिका पैनक ऑफ कुशे अनि त्येसको छेउ-छावमा रहेको थियो। उत्तरी भारतको केहि भागहरुमा पनि हल्का भूकंपको झटका अनुभव गरियो। कोही पनि हताहत भएको वा क्षहति भएको कुनै रिपोर्ट प्राप्त भएको छैन। नेपालको राष्ट्रीय भूकंप निगरानी अनि अनुसंधान केंद्रले पुष्टि गरेको छ कि 5.2 तीव्रताको पहिलो झट्का राती 8 बजेर 7 मिनट जाँदा अनि दोस्रो चोटी 5.5 तीव्रताको भूइचालो राती 8 बजेर 10 जाँदा आएको थियो। यसभन्दा पहिला नवंबर 2023 मा जाजरकोट जिल्लामा 6.4 तीव्रताको भुइचालो आएको थियो जसको केंद्र जाजरकोट जिल्लाको रामीडांडामा थियो जसको कारण जाजरकोट अनि रुकुम पश्चिम जिल्लामा 154 जनाको ज्यान लिएको थियो भने 366 जना घाइते भएका थिए अनि 75000 भन्दा अधिक घरहरुलाई क्षहति पुगेको थियो।

****** ० ******

**भूकंप - पापुआ**

पापुआ न्यू गिनीमा आज बिहान भुइचालोको झटका महसूस गरियो। रिक्टर स्केलमा भूइचालोको तीव्रता सात दशमलव एक बताईएको छ। भूइचालोको केन्द्र किंबे देखि 194 किलोमीटर पूर्वमा पश्चिमी न्यू ब्रिटेन प्रांतको राजधानीमा थियो। अमरीकी सुनामी सूचना केन्द्रले क्षेत्रमा सुनामीको चेतावनी जारी गरेको छ। पापुआ न्यू गिनीको तटवर्ती इलाकाहरुमा सुनामीको 103 मीटर अग्लो छालहरु उठ्ने संभावना छ।

****** ० ******

## आई.पी.एल.-क्रिकेट

आई.पी.एल. क्रिकेटमा हिज राती लखनऊको इकाना स्टेडियममा लखनऊ सुपर जायंट्सले मुम्बई इडियन्सलाई 12 रनले पराजित गरे। लखनऊ सुपर जायंट्सले पहिला बल्लेबाजी गर्दै निर्धारित बीस ओवरमा 8 विकेटमा 203 रन बनाए। प्रारम्भिक बल्लेबाज मिचल मार्श अनि एडेन मारक्रमले अर्धशतकीय पारी खेले। जवाबमा मुम्बई इंडियन्सले पांच विकेट गुमाएर 191 रन मात्र बनाउन सफल भए। आज चेन्नईमा अपरान्ह 3 बजेर 30 मिनेट जाँदा चेन्नई सुपर किंग्सको भिडन्त डेल्ही कैपिटलसित हुनेछ। अर्को म्याचमा चंडीगढ़मा राजस्थान रॉयल्स अनि पंजाब किंग्स आपस्तमा भिड्ने छन्। यो म्याच 7 बजेर 30 मिनेट जाँदा शुरु हुनेछ।

****** ० ******